# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ४, संख्याः ५, जेठ २२ गते, २०७७ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका क्वारेन्टिन व्यवस्थापन कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः २०७७।२।२२

**प्रस्तावनाः** विद्यमान कोभिड १९ को महामारीमा मित्रराष्ट्र भारत लगायतका देश तथा नेपाल भित्र संक्रमित क्षेत्रबाट व्यास नगरपालिकामा आउने क्वारेन्टिनमा राखिने व्यक्तिहरुका लागि खाजा खाना उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७७ तयार गर्नुपर्ने आवश्यकता महशुस गरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २२ र व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “व्यास नगरपालिका क्वारेन्टिन व्यवस्थापन कार्यविधि, २०७७” रहनेछ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकले पारित गरी प्रमाणिकरण भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यविधि” भन्नाले व्यास नगरपालिका क्वारेन्टिन व्यवस्थापन कार्यविधि, २०७७ सम्झनुपर्छ ।

(ख) “कोभिड १९” भन्नाले विश्वभरी फैलिएको महामारी कोरोना भाइरस रोग सम्झनुपर्छ ।

(ग) “मित्रराष्ट्र” भन्नाले छिमेकी देश भारत, चिन लगायत अन्य विश्वभरका मुलुक सम्झनुपर्छ ।

(घ) “नगर प्रमुख” भन्नाले व्यास नगरपालिकाका नगर प्रमुख सम्झनुपर्छ ।

(ङ) “अधिकार प्राप्त अधिकारी” भन्नाले व्यास नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(च) “क्वारेन्टिन“ भन्नाले मित्रराष्ट्रबाट फर्केका नगर क्षेत्रमा स्थायी वा अस्थायी बसोबास भएका नागरिकलाई रोगको संक्रमण फैलिनबाट रोक्न तथा अलग्याउन राखिने सुरक्षित स्थान सम्झनुपर्छ ।

(छ) “खाना” भन्नाले क्वारेन्टिनमा बस्ने व्यक्तिहरुलाई दैनिक रुपमा बिहान र बेलुकी नियमित खाना उपलब्ध गराउने सम्झनुपर्छ ।

(ज) “खाजा” भन्नाले क्वारेन्टिनमा बस्ने व्यक्तिहरुलाई दैनिक रुपमा बिहान र दिउँसोको समयमा नियमित खाजा उपलब्ध गराउने सम्झनुपर्छ ।

(झ) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनुपर्छ ।

## परिच्छेद २

## क्वारेन्टिन सम्बन्धी व्यवस्थापन

३. **क्वारेन्टिनः** हाल विश्वभरी फैलिएको कोभिड १९ का सम्बन्धमा स्वदेशी तथा विदेशी र नेपाल कै संक्रमित क्षेत्रबाट यस नगरपालिकाका नागरिक कामको सिलसिलामा विश्वका कुनै पनि राष्ट्रबाट नेपाल फर्केका व्यक्तिहरुलाई १४ दिनसम्म सुरक्षित रुपमा बस्नको लागि व्यास नगरपालिकाले तोकेको सुरक्षित सरकारी, सामुदायिक वा निजी भवनमा नगरपालिका स्वास्थ्य शाखा तथा सुरक्षाकर्मीको निगरानीमा बस्नका लागि आवश्यक व्यवस्था मिलाइने छ ।

४. **खाना सम्बन्धी व्यवस्थाः** क्वारेन्टिनमा न्यूनत्तम १४ दिन वा स्वास्थ्य परीक्षणबाट स्वस्थ भएको प्रमाणित नभएसम्म बस्ने व्यक्तिलाई निशुल्क रुपमा व्यास नगरपालिकाले दैनिक २ छाक सादा खाना उपलब्ध गराउने छ । यसरी खाना उपलब्ध गराउँदा कुनै होटल संचालक, क्यान्टिन सञ्चालक समूह वा कुनै व्यक्तिसँग सम्झौता गरी खानाको व्यवस्था मिलाउनुपर्नेछ । यसरी खाना उपलब्ध गराउँदा निम्न दरभन्दा बढी नहुने गरी सम्झौता गरिनेछः

(क) सादा खाना प्रति छाक रु.१५०।

(ख) वोयल अण्डा प्रति गोटा रु.२०।

(ग) दुध प्रति गिलास रु.३५।

५. **खाजा सम्बन्धी व्यवस्था:** क्वारेन्टिन बढीमा १४ दिनसम्म बस्ने व्यक्तिलाई निशुल्क रुपमा व्यास नगरपालिकाले दैनिक बिहान १ पटक र दिउँसो १ पटक खाजा उपलब्ध गराउने छ । यसरी खाजा उपलब्ध गराउँदा कुनै होटल सञ्चालक क्यान्टिन सञ्चालक समूह वा कुनै व्यक्तिसँग सम्झौता गरी खाजाको व्यवस्था मिलाउने छ । यसरी खाजा उपलब्ध गराउदा निम्न दरभन्दा बढी नहुने गरी सम्झौता गरिनेछ:

(क) कालो चिया प्रति कप रु.१५।

(ख) विस्कुट प्रति गोटा रु.१०।

(ग) पकाएको चाउचाउ प्रति प्याकेट रु.३०।

(घ) पकाएको चना प्रति प्लेट रु.३०।

(ङ) चाउमिन प्रति प्लेट रु.८०।

(च) मिनिरल पानी प्रति बोतल रु.१५। देखि रु.२०। सम्म

६. **सरसफाई सम्बन्धी व्यवस्था:** क्वारेन्टिनमा बस्ने व्यक्तिहरुले आफू र आफू बसेको स्थानको दैनिक सरसफाई गर्ने जिम्मेवारी स्वयं उसैको हुनेछ । यसरी सरसफाईका लागि प्रति व्यक्ति आवश्यकता अनुसार नुहाउने र लुगा धुने साबुन नगरपालिकाले उपलब्ध गराउनेछ । यसरी उपलब्ध गराउने साबुनको दर देहायको दरभन्दा बढी हुने छैन:

(क) लुगा धुने साबुन प्रति गोटा रु. १५। देखि रु.२०। सम्म

(ख) नुहाउने साबुन प्रति गोटा रु.२५ देखि रु.३०। सम्म

## परिच्छेद ३

## क्वारेन्टिन सम्बन्धी व्यवस्थापन

७. **क्वारेन्टिन सम्बन्धी व्यवस्था:** (१) क्वारेन्टिनमा बस्ने व्यक्तिहरुको दैनिक हाजिर राख्नुपर्नेछ । यसरी हाजिरका आधारमा खाना तथा खाजा र सरसफाई सम्बन्धी खर्चको मापदण्ड कायम गरिनेछ ।

(२) क्वारेन्टिनमा बस्न आउने व्यक्ति व्यास नगरपालिकाको स्थायी वा अस्थायी बासिन्दा हुनुपर्नेछ ।

(३) कुन देशबाट आएको हो सोको प्रमाणका साथै कुन बाटो भएर आएको हो सो यकिन हुने कागज पत्र सहित कुन प्रकियाद्वारा क्वारेन्टिमा आएको हो सो विवरण स्वास्थ्य शाखाले तयार गरी राख्नुपर्नेछ ।

(४) क्वारेन्टिनमा बस्ने व्यक्ति नगरपालिका वा सुरक्षाकर्मीको आदेश बिना कतै जान वा हिडडुल गर्न पाइने छैन ।

(५) क्वारेन्टिमा बस्ने व्यक्तिको घर परिवार वा आफन्तले भेट्न वा सामाजिक दुरी कायम गरी बोलचालन गर्न नगरपालिका वा सुरक्षाकर्मीको आदेश लिनुपर्नेछ ।

(६) क्वारेन्टिनमा बस्ने व्यक्तिलाई खाना, खाजा खाने वा बसोबासको सम्बन्धमा केही समस्या भएमा सुरक्षाकर्मी वा नगरपालिकाको कर्मचारीसँग समन्वय गरी नगर प्रमुख समक्ष आफ्नो समस्या राख्नुपर्नेछ ।

८. **क्वारेन्टिन व्यवस्थापन समितिः** क्वारेन्टिन व्यवस्थापन गर्न निम्न बमोजिमको क्वारेन्टिन व्यवस्थापन समिति रहनेछः

| | |
|---|---|
| (क) संयोजक | -नगर प्रमुख |
| (ख) सदस्य | -उपप्रमुख |
| (ग) सदस्य | -प्रमुख प्रशासकीय अधिकृत |
| (घ) सदस्य | -सम्बन्धित वडा अध्यक्ष |
| (ङ) सदस्य | -क्वारेन्टिन रहेको संस्था प्रमुख वा निजले तोकेको व्यक्ति |
| (च) सदस्य | -टोल विकास संस्थाका अध्यक्ष |
| (छ) सदस्य | -संयोजकले तोकेको सम्बन्धित क्षेत्रका महिला प्रतिनिधि |
| (ज) सदस्य | -संयोजकले तोकेको अपाङ्गता क्षेत्रका प्रतिनिधि |
| (झ) सदस्य सचिव | - स्वास्थ्य शाखा प्रमुख |

नोटः समितिको बैठकमा जिल्ला प्रशासन, जिल्ला अनुगमन, सुरक्षा निकायको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ ।

९. **क्वारेन्टिन व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(क) क्वारेन्टिनमा बस्ने व्यक्तिहरुको लगत दुरुस्त राख्ने तथा राख्न लगाउने ।

(ख) क्वारेन्टिमा बस्नका लागि खाट तथा लत्ताकपडाको आवश्यक व्यवस्था मिलाउने ।

(ग) क्वारेन्टिनको सुरक्षा व्यवस्था मिलाउने ।

(घ) क्वारेन्टिमा बस्ने व्यक्तिहरुलाई खाना र खाजाको उचित व्यवस्था मिलाउने ।

## परिच्छेद ४
## विविध

१०. **विविधः**

(क) यस कार्यविधिमा उल्लेख भएका प्रावधान बमोजिम कार्यविधि पारित हुनुभन्दा अगाडि क्वारेन्टिन व्यवस्थापनमा भएका सम्पूर्ण खर्चहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

(ख) क्वारेन्टिन स्थलको २४ सै घण्टा सुरक्षा व्यवस्थाको लागि स्थान विशेषको आवश्यकता अनुसार छुट्टै सुरक्षाकर्मी तयार गरी आवश्यक प्रशिक्षण तथा स्वास्थ्य उपकरण सहित खटाइने छ ।

(ग) क्वारेन्टिनमा रहेका व्यक्तिको RDT Test गरिनेछ । सोमा पोजेटिभ आएमा मात्र निजको PCR Test गरिनेछ । क्यारेन्टिनमा रहने दिनको सम्बन्धमा नेपाल सरकार स्वास्थ्य मन्त्रालयले जारी गरेको सूचना बमोजिम व्यवस्थापन गरिने छ ।

(घ) नगरपालिकाले सञ्चालन गरेको क्वारेन्टिनमा भएको खाजा, खाना लगायतका व्यवस्थापन खर्चको हकमा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र प्रदेश सरकार समक्ष सोधभर्नाको रकम माग गरिने छ ।

(ङ) मित्रराष्ट्र लगायत अनय मुलुकबाट व्यास नगरपालिकासम्म आउने व्यक्तिहरुले नगरपालिकासम्मको खर्च स्वयंले व्यहोर्नुपर्नेछ ।

(च) व्यास नगरपालिका भित्र अन्य स्थानबाट विशेष परिस्थितिमा शव ल्याउनुपर्ने अवस्था आएमा वैदेशिक रोजगार प्रवर्द्धन बोर्डमा लेखी पठाइने छ । यदि वैदेशिक रोजगार प्रवर्द्धन बोर्डबाट नव्यहोरिने भएमा नगरपालिकाको कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट व्यहोरिने छ ।

(छ) यस कार्यविधिमा उल्लेखित कार्यहरुको समग्र सञ्चालन, अनुगमन, नियन्त्रण र निर्देशन क्वारेन्टिन व्यवस्थापन समितिले गर्नेछ ।

(ज) यस कार्यविधिका सम्बन्धमा गण्डकी प्रदेश सरकार तथा संघीय सरकारबाट अर्को व्यवस्था भएमा वा नगर कार्यपालिकाबाट यो कार्यविधि परिवर्तन, परिमार्जन तथा संशोधन गरेमा सोही बमोजिम हुनेछ ।

(झ) क्वारेन्टिन व्यवस्थापन गर्ने, खाना, खाजा खुवाउने वा अन्य कुनै काम गर्ने व्यक्ति, समूह वा संघ संस्थासँग दैनिक ज्यालादारीमा कामकाज गर्ने गरी नगरपालिकाले सम्झौता गरी सम्झौता बमोजिम भुक्तानी दिइने छ ।

**११. <u>खाना, खाजाको समय तालिकाः</u>** खाना खाना खाने समय निम्नानुसार हुनेछः

समय तालिका

| **सि.नं.** | **समय** | **खाना/खाजा** |
|---|---|---|
| १ | ७.३० बजेदेखि ८.३० बजेसम्म | चिया खाजा |
| २ | ११.०० बजेदेखि १२.०० बजेसम्म | दिवा खाना |
| ३ | १४.०० बजेदेखि १५.०० बजेसम्म | खाजा |
| ४ | १९.३० बजेदेखि २०.३० बजेसम्म | रात्री खाना |

आज्ञाले
दिनेश राज पन्त
प्रमुख प्रशासकीय अधिकृत